१. <u>सार्वजनिक चार्जिङ्ग स्टेसन सम्बन्धि विद्युत वितरण विनियमावली, २०७८ को व्यवस्थामा संशोधन गर्नेबारे</u>।

विद्युतीय सवारी प्रवर्द्धनका लागि विगतमा नेपाल विद्युत प्राधिकरणले नेपालका विभिन्न स्थानमा ६२ वटा चार्जिङ्ग स्टेसन सञ्चालन ल्याएको थियो। तत्पश्चात चार्जिङ्ग स्टेशन स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहनका लागि विद्युत वितरण विनियमावलीमा व्यवस्था गरिएको थियो भने २००. के.भी.ए. को ट्रानस्फर्मर उपलब्ध गराउँदै आएको छ।

चार्जिङ्ग स्टेसन सञ्चालन गर्न इच्छुकहरुले ऊर्जा दक्षता तथा चुहावट नियन्त्रण विभागमा दिइएको निवेदनको आधारमा २०० के.भी.ए. सम्मको लोडका लागि स्थानीय वितरण तथा ग्राहक सेवा केन्द्रहरुलाई चार्जिङ्ग स्टेसनहरुको क्षमता, गुणस्तर, प्रकार आदि हेरेर चार्जर सञ्चालनको लागि विद्युत लाइन जोडीदिन सिफारिस दिने गरेको छ। हालसम्म करिव ७५० वटा चार्जिङ्ग स्टेसनहरुका लागि सिफारिस दिईसकिएको छ। दैनिकरुपमा चार्जिङ्ग स्टेसन सञ्चालनको लाागि प्राविधिक विषयवस्तु बुझ्न, लगानी र प्रतिफलबारे जानकारी लिन अन्य प्रक्रियाको लागि दैनिक दर्जनौ सेवाग्राहीहरु देशको कुना कुनाबाट केन्द्रमा नै आउनुपर्ने अवस्था छ। चार्जिङ्गको माग द्रुतरुपमा विस्तार भइरहेको अवस्थामा स्थानीय स्तरमा नै समाधान हुन सक्ने कामका लागि केन्द्रमा आउँदा सेवाग्राहीको पनि समय र खर्च बढेको साथै नियमित कामका अतिरिक्त विभागले देशभरिका सबै चार्जिङ्ग स्टेसनहरुको स्वीकृति तथा समन्वय गर्न अत्यन्तै कठिन भइरहेको छ।

तसर्थ चार्जिङ्ग स्टेसन सम्बन्धी स्वीकृति र समन्वयको जिम्मेवारी प्राधिकरणका प्रादेशिक कार्यालयहरुलाई प्रदान गरिनु अत्यन्तै उपयुक्त र समय सापेक्ष हुने भएकोले नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ मा संशोधन गर्नुपर्ने देखिन्छ।

नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ को परिच्छेद ३ को विनियम १९ को उप-विनियम ११ अनुसार "प्रत्येक सार्वजनिंक चार्जिङ्ग स्टेसन (PCS) हरु सम्बन्धित विद्युतीय तथा नेटवर्क निरीक्षकहरु/ प्राविधिक कर्मचारीहरुद्धारा चेक जाँच गरी उपयुक्त रहेको भनी प्रमाणित गरेपछि मात्र सञ्चालन गर्नु पर्नेछ। अर्को व्यवस्थापन नभएसम्मका लागि नेपाल विद्युत प्राधिकरण, ऊर्जा दक्षता तथा चुहावट नियन्त्रण विभागले उपरोक्त कार्यका लागि एक वा एक भन्दा बढी नेपाल विद्युत प्राधिकरण वा तेस्रो पक्षका प्राविधिक अधिकृत वा इन्जिनियरहरुलाई तोक्नेछ।" भन्ने व्यवस्था रहेको छ।

नेपालभरमा स्थापना भएका चार्जीङ्ग स्टेसनहरुमा लोड स्वीकृति र अन्य प्राविधिक कार्य गर्दै आएका प्रादेशिक कार्यालय र वितरण केन्द्रमा कार्यरत इन्जिनियरहरु चार्जिङ्ग स्टेसनहरुको प्रविधिमा पर्याप्त जानकारी राख्न सक्षम हुनुका साथै चार्जरको गुणस्तर परीक्षण, चार्जरको नेटवर्किङ, स्थलगत परीक्षणजस्ता कार्यहरु सजिलैसँग गर्न सक्ने क्षमता छ। त्यसैले सम्पूर्ण प्रक्रिया केन्द्रिकरण गर्नुको सट्टा स्थानीय वितरण केन्द्रको दक्षतालाई अझ सुदृढ गर्दै स्वीकृति, परीक्षण र निगरानीको जिम्मेवारी प्रादेशिक कार्यालयहरुमा हस्तान्तरण गर्नु समय सापेक्ष र व्यवहारिक कदम हुनेछ। यसले नीतिगत रुपमा विकेन्द्रिकरणलाई प्रर्वद्धन गर्नुका साथै स्थानीय तहमा क्षमता अभिवृद्धि गरी दीगो ऊर्जा पूर्वाधार विकासमा टेवा पुर्याउनेछ।

प्राधिकरणका प्रादेशिक/डिभिजन कार्यालयहरुलाई समेत चार्जिङ्ग स्टेसन स्वीकृतिको अधिकार दिने व्यवस्थाका लागि नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ मा संशोधन गर्ने स्वीकृतिका लागि कार्यकारी निर्देशकले समितिसमक्ष प्रस्ताव गर्नुहुँदा विस्तृत छलफल भई देहायबमोजिम निर्णय भयो:

<u>निर्णयः</u>

(क) सार्वजनिक चार्जिङ्ग स्टेसन सम्बन्धि नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण विनियमावली, २०७८ को परिच्छेद-३ को विनियम १९ को उप-विनियम ११ मा निम्न उल्लिखित संशोधन गर्ने:

| विनियम | साविकको व्यवस्था | संशोध गर्नुपर्ने व्यवस्था | सशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| परिच्छेद-३ को विनियम १९ को उप-विनियम ११ | (११) प्रत्येक सार्वजनिक चार्जिङ स्टेसन (PCS) हरु सम्बन्धित विद्युतीय तथा नेटवर्क निरीक्षकहरु/ प्राविधिक कर्मचारीहरुद्धारा चेक जाँच गरी उपयुक्त रहेको भनी प्रमाणित गरेपछि मात्र सञ्चालन गर्नु पर्नेछ। अर्को व्यवस्थापन नभएसम्मका लागि नेपाल विद्युत प्राधिकरण, उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभागले उपरोक्त कार्यका लागि एक वा एक भन्दा बढी | प्रत्येक सार्वजनिक चार्जिङ स्टेसन (PCS) हरु सम्बन्धित विद्युतीय तथा नेटवर्क निरीक्षकहरु/ प्राविधिक कर्मचारीहरुद्धारा चेक जाँच गरी उपयुक्त रहेको भनी प्रमाणित गरेपछि मात्र सञ्चालन गर्नु पर्नेछ। उपरोक्त कार्यको लागि नेपाल विद्युत प्राधिकरण, उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभागका अतिरिक्त सम्बन्धित | स्थानीय स्तरमा नै समाधान हुन सक्ने कामका लागि काठमाडौंमा आउँदा सेवाग्राहीलाई असुविधा भएको साथै देशभरबाट आवेदकको सँख्या बृद्धि भईरहेकोले स्थानियस्तरबाटै कार्य गर्न सहज हुने गरी प्रादेशिक/डिभिजन कार्यालयमा अधिकार दिन उपयुक्त भएकोले। |

| | | | |
|---|---|---|---|
| | नेपाल विद्युत प्राधिकरण वा तेस्रो पक्षका प्राविधिक अधिकृत वा इन्जिनियरहरुलाई तोक्नेछ। | प्रादेशिक कार्यालय / डिभिजन कार्यालय र वितरण केन्द्रका एक वा एक भन्दा बढी प्राविधिक अधिकृत वा इन्जिनियरहरुलाई तोक्नेछ। | |

(ख) चार्जिङ्ग स्टेसनको चार्जिङ्ग शुल्कको हकमा उपयुक्त प्रस्ताव तयार गरी विद्युत नियमन आयोगमा लेखि पठाउने।

(ग) चार्जिङ्ग स्टेसन स्थापना तथा सञ्चालन सम्बन्धि मापदण्ड अद्यावधिक गरी पेश गर्ने।